गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

## पोखरा, कास्की

प.सं.२०८२/०८३
च.नं. १३९४

मितिः २०८३।०३।१९

विषयः मोवाईल स्क्यानिङ एप प्रयोग गरी सरकारी कागजात स्क्यान नगर्ने सम्बन्धमा।

श्री सडक, पुल तथा प्रादेशिक भवन कार्यालय कास्की,पोखरा ।
श्री पूर्वाधार विकास कार्यालय (सवै)।
श्री यातायात व्यवस्था कार्यालय (सवै)।
श्री ग्रामिण सडक सञ्जाल सुधार आयोजना,
गण्डकी प्रदेश, पोखरा ।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश, पोखराको च.नं.१७०२ मिति २०८३।०३।१८ र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार,काठमाण्डौको च.नं.५८१६ मिति २०८३।०३।१६ को प्राप्त पत्रानुसार सरकारी कामकाजमा प्रयोग हुने आधिकारिक कागजातहरुको गोपनियता र सुरक्षित अभिलेखिकरणको सुनिश्चत गर्ने सम्बन्धमा त्यस कार्यालयवाट कुनै पनि सरकारी कागजातहरु मोबाईल स्क्यानिङ एप प्रयोग गरी स्क्यान नगर्ने/नगराउने कार्यको लागि प्राप्त पत्रको छाँयाकपि यसैसाथ संलग्न राखिपठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

Khanal
२०८३।०३।१९
सृजना खनाल
प्रशासकीय अधिकृत

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

फोन नं. ०६१-४६५५३६, इमेलः mopid@gandaki.gov.np/mopid.pokhara@gmail.com

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सूचना प्रविधि शाखा

पत्र संख्या : ८२/८३
च.नं. : सु.प्र./५८९६

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८३/३/१६

श्री मन्त्रालय/आयोग/सचिवालय (सबै),
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सबै प्रदेश),
श्री स्थानीय तह (सबै)।

विषयः मोबाइल स्क्यानिङ एप प्रयोग गरी सरकारी कागजात स्क्यान नगर्ने सम्बन्धमा।

सरकारी कामकाजमा प्रयोग हुने आधिकारिक कागजातहरूको गोपनीयता र सुरक्षित अभिलेखीकरणको सुनिश्चित गर्नु प्रत्येक कार्यालय तथा कर्मचारीको दायित्व हो। हाल सरकारी कार्यालयहरूमा विभिन्न मोवाइल स्क्यानिङ एपहरूको प्रयोग गरी मोबाइल क्यामेराबाट कागजात स्क्यान गर्ने वा तस्विर खिची सरकारी पत्राचार, निर्णय, अभिलेख तथा अन्य आधिकारिक प्रयोजनका लागि प्रयोग गर्ने प्रवृत्ति बढ्दै जाँदा कार्यालयका संवेदनशील एवं गोप्य राख्नुपर्ने कागजातहरूको गोपनीयतामा प्रतिकुल असर पर्न सक्ने हुनाले त्यस्ता कागजातहरु मोबाइल स्क्यानिङ एपहरू (जस्तैः Cam Scanner) को प्रयोग गरी स्क्यानिङ गर्ने कार्य नगर्न र नगराउनु हुन आदेशानुसार अनुरोध छ।

(बोधराज बराल)
कम्प्युटर इन्जिनियर

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :२०८२/८३
चलानी नं. : 9602

पोखरा,
नेपाल।

मितिः- २०८३।०३।१८

**विषयः मोबाइल स्क्यानिङ एप प्रयोग गरी सरकारी कागजात स्क्यान नगर्ने सम्बन्धमा।**

श्री मन्त्रालय (सबै),
श्री गण्डकी प्रदेश सभा सचिवालय,
श्री प्रदेश नीति तथा योजना आयोग,
श्री प्रदेश लोक सेवा आयोग,
श्री मुख्य न्यायधिवक्ताको कार्यालय,
श्री गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान,
श्री प्रेस रजिष्ट्रारको कार्यालय,
गण्डकी प्रदेश।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.सु.प्र./५८१६, मिति २०८३।०३।१६ को प्राप्त पत्रानुसार सरकारी कामकाजमा प्रयोग हुने आधिकारिक कागजातहरूको गोपनियता र सुरक्षित अभिलेखीकरणको सुनिश्चित गर्ने सम्बन्धमा तहाँ मन्त्रालय/निकाय र मातहत कार्यालयबाट कुनै पनि सरकारी कागजातहरू मोबाइल स्क्यानिङ एप प्रयोग गरी स्क्यान नगर्ने/नगराउने कार्यको लागि प्राप्त पत्रको छायाँप्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

3/18

(प्रदिपचन्द्र सुवेदी)
शाखा अधिकृत

**बोधार्थः**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।